# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र

| खण्डः८ | संख्याः ३ | २०८१ जेष्ठ १३ |
|---|---|---|


## भागः२

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१**

**प्रस्तावना:** दुल्लू नगरपालिका अन्तरगत रहेको दुल्लू अस्पतालमा कार्यरत कर्मचारीलाई प्रदान गरिने सेवा सुविधामा एकरुपता ल्याउनको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ को दफा (२०) को उपदफा (७) र दफा (३३) ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०८१।०२।११ गतेको वैठकवाट "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१" पारित गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस मापदण्डको नाम "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१" रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अध्यक्ष" भन्नाले दुल्लू अस्पताल विकास समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "अस्पताल" भन्नाले दुल्लू अस्पताललाई सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले भन्नाले दुल्लू अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्य सेवा, नर्सिहं सेवा, प्रशासन सेवा, विविध सेवा, श्रेणी विहिन लगायत कार्यरत सम्पूर्ण कर्मचारीलाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय प्रमुख" भन्नाले दुल्लू अस्पतालको कार्यालय प्रमुखलाई सम्झनु पर्दछ।

(च) “नगरपालिका” भन्नाले दुल्लू नगरपालिकालाई सम्झनु पर्दछ ।

३. **<u>कर्मचारीहरुको सुविधा सम्बन्धी व्यवस्था:</u>** (१) नगरपालिका अन्तरगतको अस्पतालमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको तलव भत्ता, तलव वृद्धि (ग्रेड), स्थानीय भत्ता, महंगी भत्ता, सञ्चय कोष कट्टी, नागरिक लगानी कोष (सावधिक जिवन विमा) कट्टी लगायतका प्रचलित कानून बमोजिमका सेवा सुविधाहरु उपलव्ध गराईनेछ ।

(२) अस्पतालको स्वीकृत दरवन्दीमा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको तलव भत्ता उपलव्ध गराईनेछ ।

(३) अस्पताल विकास समितिले नियुक्ति गरेका सेवा करारमा कार्यरत कर्मचारीहरुलाई समितिले तोकेको तलव भत्ता उपलव्ध गराईनेछ ।

(४) नगरपालिका वाट नियुक्ति भई अस्पतालमा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई नगरपालिकाले तोके बमोजिमको तलव भत्ता उपलव्ध गराईनेछ ।

(५) अस्पतालमा कार्यरत कर्मचारीलाई उपदफा (१), (२), (३) र (४) मा उल्लेखित सेवा सुविधाका अतिरिक्त देहाय बमोजिमको दोहोरो सुबिधा नपर्ने गरि प्रचलित कानुन बमोजिम कर कट्टि गरी भत्ता उपलव्ध गराईनेछ।

| क्र.स. | सुविधा प्राप्त हुने विवरण | कर्मचारीको प्रकार | | | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | चिकित्सक | कर्मचारी | कार्यालय सहयोगी | | |
| १ | प्रोत्साहन भत्ता | कर्णाली प्रदेश सरकारले तोके अनुसार | | | मासिक | जोखिम भत्ता |
| २ | रात्रीकालिन भत्ता | | २००.०० | १५०.०० | दैनिक | ल्याप,एक्सरे, इमरजेन्सी, फार्मेसी, विलिङ्ग, नर्सिंह सेवा मात्र |
| ३ | मेजर अप्रेसन | जम्मा प्राप्त रकमको ७० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ३० प्रतिशत अस्पतालमा जम्मा गर्ने । | | | | |
| ४ | नर्मल अप्रेसन | जम्मा प्राप्त रकमको ५० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने र बाँकी ५० प्रतिशत अस्पतालमा जम्मा गर्ने । | | | | |
| ५ | भिडियो एक्सरे सेवा | जम्मा आम्दानी भएको रकम मध्ये ५० प्रतिशत रकम प्रोत्साहन स्वरुप संलग्न कर्मचारीलाई उपलब्ध गराइने | | | | |

| | | |
|---|---|---|
| ६ | ल्याव सेवा | जम्मा आम्दानी भएको रकम मध्ये ४ प्रतिशत रकम प्रोत्साहन स्वरुप संलग्न जोखिम भत्ता उपलब्ध नहुने कर्मचारीलाई उपलब्ध गराइने र २ प्रतिशत चिकित्सकलाई उपलब्ध गराईने |
| ७ | एनयस्थेसिया | एनयस्थेसिया पदमा कार्यरत कर्मचारीलाई मासिक रुपमा १००००।०० का दरले प्रोत्साहन स्वरुप उपलब्ध गराइने |
| ८ | सार्वजनिक विदाको दिनमा काम गरेको भए | नेपाल सरकारले तोकेको सार्वजनिक विदा, चाड पर्वहरुमा काम गरेको अवधिमा यस अगाडी लिएको सट्टा विदा गणना गरि अधिकृत स्तरलाई प्रति दिन ६००,सहायक स्तरलाई प्रति दिन ५००,श्रेणी विहिन कर्मचारीहरुलाई प्रति दिन ४०० का दरले रकम उपलब्ध गराउने । |
| ९ | कार्यालय प्रमुख खाना खर्च | मासिक ७०००(सात हजारका) दरले उपलब्ध गराईने छ। |
| १० | एम्बुलेन्स प्रोत्साहन | नगद आम्दानीको १५ प्रतिशत रकम चालकलाई उपलब्ध गराईने छ। |
| ११ | चिकित्सक नाईट भत्ता | स्केल अनुसार १६०० का दरले इमरजेन्सी र मेट्रानिटिको उपलब्ध गराइने। |
| १२ | स्वास्थ्य बिमा | जम्मा नगद आम्दानीको ६ प्रतिशत रकम उपलब्ध गराउने त्यस मध्ये २ प्रतिशत चिकित्सक, २ प्रतिशत स्वास्थ्य विमा फाँट र २ प्रतिशत अन्य सम्पुर्ण कर्मचारी लाई उपलब्ध गराउने । |
| १३ | डेन्टल | नगद आम्दानीको ५ प्रतिशत रकम उपलब्ध गराउने। |
| १४ | सुत्केरी | नेपाल सरकारको नियमानुसार उपलब्ध गराउने । |
| १५ | मापसे घाउ जाँच | नगद आम्दानीको ५० प्रतिशत संलग्न कर्मचारी लाई उपलब्ध गराउने। |
| १६ | इ. सि.जी | नगद आम्दानीको ५० प्रतिशत रकम संलग्न कर्मचारीलाई उपलब्ध गराउने। |

४. **स्वयमंसेवक कर्मचारी सम्बन्धी व्यवस्था :** (१) अस्पतालमा विरामीको चाप, कार्यरत कर्मचारीको संख्या, अस्पतालले प्रदान गर्ने सेवा, कार्यबोझ जस्ता पक्षका आधारमा आवश्यक सेवा/समुहको स्वास्थ्यकर्मी तथा सरसफाई सहयोगी कार्यका लागि स्वयमंसेवक कर्मचारीका रुपमा बढिमा ६ महिनाका लागि नियुक्ति गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति अस्पताल विकास समितिको निर्णय वाट सार्वजनिक सूचना मार्फत कार्यालय प्रमुखले नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीको तलब स्केल नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम नहुने गरी समितिले तोके अनुसारको हुनेछ भने अन्य सुविधा दफा (३) को उपदफा (५) बमोजिम हुनेछ ।

५. **<u>अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था:</u>** (१) दफा (३) को उपदफा (५) बमोजिम सेवा सुविधा प्रदान गर्नका लागि दैनिक हाजिरी, रात्रिकालिन समयमा काम गरेको प्रमाणित विवरण लगायतका काम अनुसार आवश्यक पर्ने कागजातहरु कार्यालय प्रमुखबाट प्रमाणित गराएर पेश भएमा भुक्तानी गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको तयार गर्नुपर्ने कागजात अनुसूची १ अनुसारको ढाँचामा तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको खर्चको अभिलेख आर्थिक प्रशासन शाखाले दुरुस्त रुपमा राख्नु पर्नेछ ।

६. **<u>स्रोतको व्यवस्थापन:</u>** दफा (३) को उपदफा (५) बमोजिम प्रदान गर्ने सुविधा अस्तपालको आन्तरिक आम्दानी वा नगरपालिकाको अनुदानवाट भुक्तानी गर्नुपर्ने छ ।

७. **<u>संशोधन गर्न सक्ने:</u>** यो मापदण्ड तथा यसका कुनै दफामा कुनै संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

८. **<u>बाधा अड्काउ फुकाउ अधिकार:</u>** यस मापदण्डको कार्यान्वयमा कुनै अन्यौलता उत्पन्न भएका वाधा अड्काउ फुकाउको अधिकार नगर कार्यपालिकामा रहनेछ ।

९. <u>यसै मापदण्ड बमोजिम भए गरेको मानिनेः</u> दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धी यस अघि नगरपालिका वा अस्पताल विकास समिति वाट भए गरेका निर्णय तथा कार्यहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

१०. <u>अस्पताल विकास समितिको निर्णय बमोजिम हुनेः</u> यस मापदण्डको दफा ३ को उपदफा (५) मा उल्लेखित बाहेक अन्य नया सेवा सुबिधा सम्बन्धी थप निर्णय गर्नुपर्ने भएमा अस्पताल विकास समितिले गर्न सक्नेछ ।

११. **<u>स्वतः खारेज हुनेः</u>** यो मापदण्ड तथा यसका कुनै दफा नेपालको संविधान र प्रचलित कानूनसँग वाझिएमा वाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ ।

# अनुसूची १
# दैनिक हाजिरी

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**दुल्लू अस्पताल**
दुल्लू दैलेख
कर्णाली प्रदेश नेपाल

मिति:
महिना :

दुल्लू अस्पतालमा कार्यारत कर्मचारीहरुको डिउटी रोष्टर

| सि.न. | कर्मचारीहरुको नाम थर | पद | फँाट | गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बार | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| तयार गर्ने | सिफारिस गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| नाम: | नाम : | नाम : |
| पद: | पद : | पद : |
| दुल्लू अस्पताल | दुल्लू अस्पताल | दुल्लू अस्पताल |

आज्ञाले
तिलक वि.क
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८१।०२।१३